# स्थानीय राजपत्र

---

## बुलिङ्टार गाउँपालिकाद्वारा प्रकाशित

---

खण्ड ०९) बुलिङ्टार -०३ , नवलपरासी ( ब.सु.पू) , २०८२ माघ २८ गते ( संख्या ०२ )

---

भाग १

---

**बुलिङ्टार गाउँ सभाले तल लेखिए बमोजिमको कार्यविधि बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।**

---

## बुलिङ्टार गाउँपालिका बेरुजु फस्यौंट कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मिति : २०८२/०९/३०

गाउँसभाबाट स्वीकृत मिति : २०८२/१०/०८

# बुलिङटार गाउँपालिका
# बेरुजु फस्यौंट कार्यविधि, २०८२

## प्रस्तावना

बुलिङटार गाउँपालिकाको आर्थिक कारोवारको लेखापरीक्षणबाट देखिएको बेरुजु फस्यौंट कार्यलाई सरल र व्यवस्थित बनाउन बुलिङटार गाउँ सभाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

1. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधि को नाम बुलिङटार गाउँपालिकाको बेरुजु फस्यौंट कार्यविधि, २०८२ रहेको छ।

   (२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ।

2. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

   (क) "अध्यक्ष" भन्नाले बुलिङटार गाउँपालिका अध्यक्षलाई सम्झनुपर्दछ।

   (ख) "अन्तिम लेखापरीक्षण" भन्नाले नेपालको संविधानको धारा २४१ तथा लेखापरीक्षण ऐन २०७५ अनुसार महालेखापरीक्षकबाट हुने लेखापरीक्षणलाई सम्झनुपर्दछ।

   (ग) "ऐन" भन्नाले बुलिङटार गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०८२ सम्झनुपर्दछ।

   (घ) "असुल उपर गर्नु पर्ने बेरुजु" भन्नाले बुलिङटार गाउँपालिकाको लेखापरीक्षण हुँदा प्रचलित कानुन बमोजिम भूक्तानी दिन नहुने रकम भुक्तानी दिएको वा बढी हुने गरी भुक्तानी दिएको वा घटी रकम असुल गरेको कारणबाट असुल उपर गर्नुपर्ने भनी ठहर्याएको बेरुजु रकम सम्झनु पर्दछ र यसले हिनामिना वा मस्यौट गरेको रकम तथा गाउँपालिकालाई तिर्न बुझाउन पर्ने अन्य कुनै रकमसमेत लाई जनाउँदछ।

   (ङ) "आन्तरिक लेखापरीक्षण" भन्नाले बुलिङटार गाउँपालिकाको आन्तरिक लेखापरीक्षण गर्नका लागि तोकिएको शाखा वा कर्मचारीबाट हुने आन्तरिक लेखापरीक्षण सम्झनुपर्दछ।

   (च) "एक तह माथिको अधिकारी" भन्नाले वडा सचिव र ब्रिषयगत शाखा प्रमुखको हकमा प्रमुख प्रशासकीय अधिकृत, प्रमुख प्रशासकीय अधिकृतको हकमा अध्यक्ष र अध्यक्षको हकमा गाउँ कार्यपालिका सम्झनुपर्दछ।